**बैठक नं. २५७(३)१७**

**मिति २०७७।०९।२८**

## निर्णय

१. चालू आर्थिक वर्षको हालसम्म सम्पन्न भएका कार्यक्रमहरू बारेमा छलफल भयो । हालसम्म सम्पन्न कार्यक्रमहरू उपलब्धिमूलक रहेको आयोगको ठहर रहेको छ र स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरूमा सहभागी छनौट गर्दा सबै समूहको सहभागिता हुने गरी थप समावेशी तथा प्रभावकारी बनाउदै लैजाने ।

२. सूचनाको हकसम्बन्धी नियमावलीमा हालै भएको संशोधनको बारेमा जानकारी भयो । नियमावली संशोधन गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३८ बमोजिम आयोगसँग परामर्श गर्नु पर्ने व्यवस्था भएको तर्फ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको ध्यानार्कषण गराउने ।

३. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि अन्य कार्यका अतिरिक्त देहाय बमोजिमको व्यवस्था गर्न गराउन नेपाल सरकारका सार्वजनिक निकायहरूका हकमा नेपाल सरकारका मुख्य सचिव, प्रदेश सरकारका सार्वजनिक निकायहरूका हकमा प्रदेश सरकारका प्रमुख सचिव र स्थानीय तहका सार्वजनिक निकायहरूका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मार्फत अनुरोध गर्ने ।

 ३.१ प्रत्येक सार्वजनिक निकायले सूचनाको हक सम्बन्धी कार्यक्रम तथा बजेट अनिवार्य रुपमा राख्ने व्यवस्था गर्ने । (कार्यक्रम प्रस्ताव गर्दा सूचनाको हक सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल तथा नागरिकहरूका लागि सूचनाको हक सम्बन्धी अभिमूखीकरण, सूचाको हक सम्बन्धी ब्रोसर तथा पुस्तिका प्रकाशन इत्यादी)

 ३.२ प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कानून अन्तर्गत प्रकाशन गर्नु पर्ने स्वतः प्रकाशनका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने ।

 ३.३ प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारी लक्षित तालीम र अभिमूखीकरणका कार्यक्रमका साथै सहज र सजिलोका लागि मोबाइल, सिम कार्ड, इन्टरनेट तथा मसलन्दका लागि उपयुक्त व्यवस्था गर्ने गराउने ।

 ३.४ प्रत्येक सार्वजनिक निकायले सूचना मागकर्ताको सहजताका लागि सूचना कक्ष तथा निवेदनको नमूना तथा बस्ने, प्रतिक्षा गर्ने कक्षको व्यवस्था गर्ने गराउने ।

४. राष्ट्रिय जनगणना २०७८ का सन्दर्भमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को देहाय खण्ड (ग), (च) र (छ) अनुसार नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशकको नाममा निम्न आदेश जारी गरिएको छ । यसको बोधार्थ राष्ट्रिय योजना आयोगका सचिवलाई लेखी पठाउने ।

 ४.१ राष्ट्रिय जनगणना के हो ? यसमा सबैले सहभागी हुन किन आवश्यक छ ? सहि जानकारी दिन किन महत्वपूर्ण छ ? साथै दिइएको जानकारी गोप्य रहन्छ भन्ने बिषयमा नागरिकलाई विश्वास दिलाउने बिषयहरूमा व्यापक प्रचार प्रसार गर्नु ।

 ४.२ राष्ट्रिय जनगणनाका क्रममा नागरिकको हक अधिकार र गणकको दायित्वका बारेमा स्पष्ट खुल्ने विवरण सहितको पुस्तिका वितरण गर्नु ।

४.३ राष्ट्रिय जनगणनाका सन्दर्भमा गरिने प्रचार प्रसार सामाग्री, नेपाली भाषा लगायत अपाङ्गता भएकाहरूलाई हुने गरी र स्थानीय रुपमा प्रचलनमा रहेका राष्ट्रिय भाषाहरूमा पनि प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाउनु ।

४.४ नागरिकलाई सूचना प्रवाह गर्ने काममा संघीय सरकारले प्रदेश सरकार र स्थानीय तहसँग पनि समन्वय गरी सबै प्रदेश र सबै स्थानीय तहबाट यसबारे आवश्यक सूचना प्रवाह गर्ने प्रबन्ध मिलाउनु ।

४.५ स्थानीय स्तरमा रहेका आम सञ्चारका माध्यमहरूको व्यापक प्रयोग गर्ने गराउने व्यवस्था मिलाउनु ।

४.६ सूचनालाई व्यापक प्रचार प्रसार गर्न अनलाइन, वेबसाइटलगायत सामाजिक सञ्जालको समेत उपयोग गर्नू, स्थान र आवश्यकता अनुसार माइकिङ्ग गर्ने, पर्चा-पम्प्लेट वितरण गर्ने, फ्लेक्स बोर्ड तथा डिजिटल बोर्ड मार्फत सार्वजनिक गर्ने, स्कूल-कलेजका शिक्षक, विद्यार्थीलाई यसबारे जानकारी दिने र आमनागरिक भेला हुने स्थान तथा कार्यक्रमहरूमा यससम्बन्धी सूचना प्रवाह गर्ने प्रबन्ध मिलाउनु ।

४.७ सम्भव भएसम्म सञ्चारका आधुनिक माध्यम जस्तै मोबाईल, तथा एसएमएस, कलर ट्युन र टोल फ्रि नम्बर मार्फत समेत आम नागरिकलाई जनगणनाको महत्व बारे सूचना तथा जानकारी सम्प्रेषण गर्नु ।

४.८ जनगणनालाई सफल बनाउन विभिन्न महिला समूह, उपभोक्ता समूहहरू, सामाजिक संघ संस्थाका कर्मचारी, शिक्षक, विद्यार्थीहरूलाई यो राष्ट्रिय अभियानको प्रचार प्रसारमा सहभागी गराउने व्यवस्था गर्ने ।

५. विविध :

५.१ South Asian Forum of Information Commissioners को Charter तयार गरी पेश गर्न गठीत समितिको म्याद माघ १५ सम्म थप गर्ने ।

५.२ सूचनाको हक सम्बन्धी संस्थाहरूको अन्तर्राष्ट्रिय संस्था International Conference of Information Commissioners (ICIC) को शुरुआत सन २००३ मा जर्मनीको वर्लिनमा भएको वैठकवाट शुरुआत भएको हो । यसका ११ वटा बैठकहरू भै सकेका छन । साउथ अफ्रिकाको जोहन्सवर्गमा सन् २०१९ को मार्च १३ मा सम्पन्न ११ औं सम्मेलनले स्वीकृत गरेको The ICIC Johannesburg Charter मार्फत औपचारिक निर्वाचन गर्ने लगायतको निर्णय भएको हो । आपसी हित तथा उत्तरदायित्व र पारदर्शितामा सुधार गर्नका लागि संस्थाका सदस्यहरूलाई एक अर्कामा जोड्ने, विश्वव्यापी फोरम स्थापना गर्नु यस संस्थाको लक्ष्य रहेको छ । संस्थामा १० सदस्यीय कार्यकारणी समिति रहने व्यवस्था रहेको छ । निर्वाचन भएर कार्यकारणी समिति गठन हुन बाँकी रहेको हुँदा अहिले १६ सदस्यीय तदर्थ कार्यकारणी समिति गठन गरिएको छ । यसमा अल्बर्टा (क्यानडा), अर्जेन्टिना, बर्मुडा, ब्राजिल, चिली, हंगेरी, इण्डिया, केन्या, मेक्सिको, नेपाल, स्कटल्याण्ड, सर्विया, सियरालियोन, साउथ अफ्रिका, ट्युनिसिया र संयुक्त अधिराज्य रहेका छन् र संयुक्त अधिराज्य अध्यक्ष रहेको छ ।

यस संस्थाको बैठक वर्षको एक पटक बस्ने व्यवस्था भए अनुरुप सन् २०२० मा ब्राजिलमा हुने तय भएको थियो तर कोभिड महामारीका कारण हुन सकेन र यस

वर्षको जुनमा गर्ने गरी सरेको छ । यसैले गर्दा कार्यकारणी समितिको निर्वाचन पनि गर्न नसकिएको अवस्था छ । यही बीचमा कार्यकारणी समितिको निर्वाचन अनलाइन विधिबाट गर्न सकिने व्यवस्था भएको छ । सोही अनुसार तदर्थ कार्यकारणी समितिको निर्णय अनुसार कार्यकारणी समितिको निर्वाचन कार्यक्रम प्रकाशन गरिएको छ । निर्वाचन कार्यक्रम बमोजिम अध्यक्ष, उपाध्यक्ष र ५ जना सदस्यहरूका लागि निर्वाचन हुँदैछ । यही जनवरी २९ सम्म उम्मेदवारीका लागि आवेदन आह्वान भएको छ ।

तदर्थ कार्यकारणी समितिको सदस्यका रुपमा नेपालको प्रतिनिधित्व गर्दै राष्ट्रिय सूचना आयोगले नियमित रुपमा सक्रियतापूर्वक समितिको बैठकमा भाग लिने गरेको छ । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि आयोगले गरेका क्रियाकलाप तथा उत्कृष्ट अभ्यासहरूका बारेमा जानकारी गराउनुका साथै संस्थाको प्रभावकारितामा योगदान पुऱ्याउँदै आएको छ । संस्थामा रहेर आयोगले खेलेको भुमिकाका कारण अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठामा सकारात्मक प्रभाव पारेको विश्वास आयोगको रहेको छ । यस अवस्थामा आगामी २ वर्षका लागि कार्यकारणी समितिको सदस्यमा उम्मेदवारी दिन उपयुक्त हुने विश्वास आयोगले गरेको छ । तसर्थ नेपालको तर्फबाट सदस्य रहेको राष्ट्रिय सूचना आयोगले International Conference of Information Commissioners (ICIC) को कार्यकारिणी समितिको सदस्यमा उम्मेदवारी दिने स्वीकृतिका लागि र सदस्य राष्ट्रहरूको समर्थन जुटाउन तथा मतका लागि आवश्यक कुटनैतिक पहल समेत गर्ने व्यवस्था हुन आवश्यक कागजातहरू संलग्न गरी सञ्चार तथा प्रविधि मन्त्रालयमा स्वीकृतिका लागि लेखी पठाउने ।